ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ५, अंक १७४
१२ चैत्र २०७८ शनिबार
26 March 2022, Saturday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

महोत्तरीमा एक्लै चुनाव जित्न दलहरूलाई सकस, मधेशवादीलाई झन् गाह्रो

खबर दर्पण, समाचारदाता
चैत्र ११ गते, महोत्तरी

महोत्तरीमा अघिल्लो निर्वाचनमा बलिया देखिएका मधेशवादी दलहरू आन्तरिक कलहमा फस्दा यस पटकको निर्वाचनमा कमजोर हुने देखिएका छन्। गत निर्वाचनमा महोत्तरीका १५ पालिकामध्ये ९ वटामा मधेशवादी दलहरूले कब्जा जमाउन सफल भएका थिए।

तर, पछिल्लो राजनीतिक घटनाक्रमले जिल्लामा बलियो सांगठनिक संरचना रहेका मधेशवादी दलहरू नै छिन्नभिन्न छन्। यस्तो अवस्थामा उनीहरू अन्य दलसँग गठबन्धन नगरी चुनाव जित्न सक्ने अवस्थामा छैनन्। यस्तोमा पनि महोत्तरीका राजनीतिक दलहरू चुनावी तालमेल र गठबन्धनका विषयमा स्पष्ट हुन सकेका छैनन्। उनीहरूबीच अझै अन्योल कायमै छ। गठबन्धन गर्ने वा निर्वाचनमा एक्लै एक्लै जाने भनेर केन्द्रबाट कुनै निर्णय नआउँदा दलका नेताकार्यकर्ताहरू प्रस्ट रूपमा खुल्न नसकेका हुन्।

खासगरी नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)ले निर्वाचनमा गठबन्धन गर्नुपर्ने जोडबल गरिरहेका छन्। तर कांग्रेसले चुनावी गठबन्धनका विषयमा सम्बन्धित पालिकाहरूले निर्णय गर्न सक्ने भनेको छ। कांग्रेसका महोत्तरी जिल्ला सभापति नागेश्वर यादवले भने, 'पार्टीले अधिकार दिए पनि कसरी जाने भन्ने विषयमा अझै खाका बनाउन सकिएको छैन।'

नेकपा एस र माओवादी केन्द्र चुनावी गठबन्धनमा अडिग रहे पनि नेकपा (एमाले), कांग्रेस र मधेशवादी दलहरू भने आन्तरिक गृहकार्यमा व्यस्त छन्।

निर्वाचनलक्षित कार्यक्रममा अगाडि बढ्न केन्द्रबाट सबै दलहरूलाई निर्देशन आए पनि दलहरू चुनावी गठबन्धनको अन्योल हुँदा चुनावलक्षित कार्यक्रमहरू खासै हुन सकेका छैनन्।

यता एमालेले जसपा र लोसपासँग चुनावी गठबन्धन गर्ने संकेत गरेको छ।

हरेक ठाउँमा एक्लै लड्न सकिने एमालेले घोषणा गरे पनि एमाले टुक्रिएर बनेको नेकपा एसको उसको टाउको दुखाइ बनेको छ । मधेश प्रदेशमा नेकपा एमालेको अवस्था कमजोर नै छ ।

'अहिले नेकपा एमालेले टिकटको आशा देखाएर जसपा, लोसपाबाट नेता कार्यकर्ता तानिरहेको छ तर त्यसले र म्रो परिणाम देला भनेर भन्न सोच्नु गलत हो' नेकपा एस महोत्तरीका सचिव सोमबहादुर कार्कीले भने।

यता, माओवादी केन्द्र भने तालमेल गर्नैपर्ने मनस्थितिमा छ। सत्ता गठबन्धनमा समीकरण भएअनुसार नै कांग्रेस, नेकपा एस र माओवादी केन्द्रको चुनावी तालमेल रहने बताउँदै पनि आएको छ।

'हामी गठबन्धन नै नभए पनि लड्न त सक्छौं, तर तालमेलबाट अझ फाइदा पुग्ने हुँदा गठबन्धनको आवश्यकता महसुस गरेका छौं,' माओवादी केन्द्र महोत्तरीका इन्चार्ज राजु खड्काले भने।

लोसपाका अध्यक्ष महन्थ ठाकुरले नेकपा एमालेसँग चुनावी गठबन्धन गर्न सक्ने संकेत गरे पनि जिल्ला अध्यक्ष रामबाबु साह भने अश्वीकार गर्छन्। उनले जिल्लाभरि नै लोसपाको संगठनिक संरचना बलियो भएको दावी गर्दै गठबन्धन गर्न जरूरी नभएको बताए। भने, 'जिल्लाका केही कमजोर पालिकाहरूमा भने गठबन्धनको अवस्था आए तालमेल गरौंला नत्र पर्दैन।'

जसपाका अध्यक्ष नागेन्द्रप्रसाद यादवले पनि निर्वाचित जनप्रतिनिधि लोसपामा भए पनि आफूहरूको सांगठनिक संरचना बलियो रहेको बताए।

अपहरणमा परेकी बालिकाको २४ घण्टा भित्रै सकुशल उद्धार

खबर दर्पण, समाचारदाता
चैत्र ११ गते, महेन्द्रनगर

जनकपुरधामबाट अपहरणमा परेकी एक बालिकाको धनुषा प्रहरीले सकुशल उद्धार गर्न सफल भएको छ।

बिहीबार साँझ जनकपुर धाम उपमहानगरपालिका-१६ पुलचौकबाट ध्रुव मण्डलकी चार वर्षीया छोरी अपहरणमा परेकी थिइन् ।

अपहरणमा परेकी बालिकाको २४ घण्टा भित्रै उद्धार गरिएको धनुषा प्रहरीका प्रमुख एसपी वसन्त रजौरेले जानकारी दिए। उनका अनुसार बालिकालाई धनुषाको विदेह नगरपालिका वडा नं. ८ बाट उद्धार गरिएको छ । अपहरण गर्ने व्यक्तिमध्ये का एकजनाले आफ्नो दिदीको घरमा बालिकालाई लुकाएर राखेको अवस्थामा उद्धार गरिएको एसपी बस्नेतले बताए ।

बाँकी पृष्ठ ४ मा...

स्थानीय तह निर्वाचन : ३५ हजार पदका लागि उम्मेदवार खोज्दै दल

खबर दर्पण, समाचारदाता

चैत्र ११ गते, काठमाडौं

वैशाख ३० गते नजिकिदै गर्दा गाउँमा निर्वाचनको माहोल बन्दै गएको छ। गाउँमा उम्मेदवारको खोजीमा दलहरु जुटेका छन्। निर्वाचन आयोगका सूचना अधिकारी सूर्य प्रसाद अर्यालका अनुसार कूल ३५ हजार २२१ पदका लागि चुनाव हुँदैछ। स्थानीय तह निर्वाचन २०७९ आउन मात्र ४९ दिन बाँकी छ ।

देशभरीका ७५३ वटै स्थानीय तहमा चुनावी रौनक छाएको छ। देशभरीमा महानगर पालिकाको संख्या ६ वटा छ । ११ वटा उपमहानगरपालिका रहेको छ। नगरपालिकाको संख्या २७६ भने गाउँपालिकाको संख्या ४६० रहेको छ। ७५३ पालिका प्रमुखका लागि चुनाव हुँदैछ। सोही संख्यामा पालिका उप-प्रमुखका लागि पनि निर्वाचनको तयारी भइरहेको आयोगका सूचना अधिकारी अर्यालले बताए।

उनका अनुसार, ६ हजार ७४३ वडा अध्यक्ष छनौट गरिदैंछ। सोही संख्यामा महिला वडा सदस्य र दलित महिला वडा सदस्यको छनौट निर्वाचनबाट गरिन्छ । प्रत्येक वडामा २ जना वडा सदस्यका लागि कूल १३ हजार ४८६ पदका लागि मतदाताले मतदान गर्ने तयारीमा छन्।

चुनाव जित्न दलहरु तयारी गरिरहेको बेला आयोगका कर्मचारीहरु भने अन्तिम मतदाता नामावलीको टुङ्गो लगाउन अहोरात्र खटिरहेका छन्। चुनावको अघिल्लो दिन बैशाख २९ गतेसम्मको मितिलाई हेर्दा झण्डै १ करोड ७९ लाख मतदाताले मतदान गर्ने आयोगको प्राम्भिक तथ्यांकले आयो गका प्रवक्ता शालिग्राम शर्माले बताए।

'चैत्र १३ गते हामीले अन्तिम मतदाता नामावली प्रकाशित गर्ने तयारी गरेका छौं', उनले भने, 'नेपालको निर्वाचन इतिहासमा पहिलो पटक निर्वाचन हुने दिनभन्दा अघिल्लो दिनलाई आधार मानी मतदाता उमेर पुगेका र मतदाता नामावलीमा नाम भएकाले मतदान गर्न पाउने व्यवस्था गरेका छौं। 'यो व्यवस्थासँगै वैशाख ३० मा हुने स्थानीय तह सदस्यको निर्वाचमा मतदाता नामावलीमा नाम समावेश भएका झण्डै २ लाख युवा पुस्ताका मतदाताले मतदान गर्न अवसर पाउने उनले बताए। १८ वर्ष पूरा भएका नागरिकलाई मतदान गर्ने अधिकारी सुनिश्चिता २०७२ को संविधानले नै गरेको छ।

निर्वाचनका लागि झण्डै २ करोड मतपत्र छापिन लागेको छ। 'निर्वाचनमा प्रयोग गरिने मतपेटीका, स्टामप्याड, स्वस्तिक चिह्न लगातका समाग्रि खरिद गर्न सप्लायर्ससंग सम्झौता भएर काम अघि बढि सकेको छ। केही दिनभित्र त्यो सरसमान आयोगमा आइपुग्छ। प्याकिङ गरेर जिल्ला निर्वाचन कार्यालय हुँदै समयमै मतदान केन्द्रमा पुर्याउँछौं,'सूचना अधिकारी अर्याल भन्छन्, '२२ हजार मतदान केन्द्र तोकिन्छ। विकटता र सुरक्षालाई मध्य नजर गरेर पहाडी तथा हिमाली जिल्लामहरुमा हेलिकप्टबाट पनि छौं।' आयोगको परामर्शमा सरकारले स्थानीय तह सदस्य निर्वाचन आउँदो वैशाख ३० गते एकै चरणमा सम्पन्न गर्ने गरी मिति माघ २४ गते घोषणा गरेको थियो। कानुनतः निर्वाचनसम्बन्धी व्यवस्थापकीय कार्यसम्पादन गर्न आयोगलाई १२० दिन आवश्यक हुन्छ। आउँदो निर्वाचनका लागि ९५ दिन मात्र निर्वाचन अवधि आयोगलाई प्राप्त भएको छ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र ढंगबाट सम्पन्न गर्न आयोगका प्रमुख आयुक्त दिनेशप्रसाद थपलियाको टोली देश दौडामा निस्किएका छन्। टोलीमा आयुक्त राम प्रसाद भण्डारी, डा. जानकी कुमारी तुलाधर, सगुन शमशेर जबरा छन्। निर्वाचन अचारसंहितालाई कडाइपूर्वक लागु गराउन आयोगले प्रदेश तथा जिल्लास्तरमा अभियान चलाएको छ। चैत्र ९ गतेदेखि चैत्र १७ गतेसम्म सातै प्रदेश केही जिल्ला स्तरमा राजनितिक दल, पदाधिकारी र सरोकारवला संघसंस्थाहरुबीच छलफल तथा अन्तर्क्रिया गर्ने तालिका बनाएको छ।

आचारसंहिता कार्यान्वयका लागि बुधबार आयोगले प्रदेश १ को विराटनगरमा राजनितिक दल, पदाधिकारी, सरोकारवालाबीच अन्तरक्रिया गरेको छ। आचारसंहितालाई कडारुपमा कार्यान्वयन गर्न दलहरुले माग गरेका थिए। आयोगले चैत्र १५ गते बाट निर्वाचन आचारसंहिता लागु गर्न आन्तिरिक तयारी गरिरहेको छ। चैत्र ३ गते आयोगबाट 'निर्वाचन आचारसंहिता-२०७८' राजपत्रमा प्रकाशित भएको थियो।

७९ वटा दलले निर्वाचनमा भाग लिदैंछन्। राष्ट्रिय दल र अन्य दललाई चुनाव चिन्ह दिन आयोगले आन्तरिक तयारी गरिरहेको छ। निर्वाचनका लागि २ लाखको संख्यामा कर्मचारीले खटिनेछ। ती मध्य ७७ जना मुख्य निर्वाचन अधिकृतको भूमिकामा हुनेछन्।

रोहितको कीर्तिमानी ब्याटिङ, तर नेपाल पराजित

खबर दर्पण, समाचारदाता

चैत्र ११ गते, महेन्द्रनगर

नेपाली क्रिकेटका युवा ब्याटर रोहितकुमार पौडेल एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा इतिहास नै बनाए पनि नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा पपुवा न्युगिनी (पीएनजी) विरुद्ध हार बेहोरेको छ।

टीयू मैदान कीर्तिपुरमा टस हारेर टस हारेर नेपाललाई २ सय ९३ रनको लक्ष्य दि(एको थियो।पीएनजीले ५० ओभरमा ८ विकेट गुमाएर २ सय ९२ रन बनाएको थियो। पीएनजीका चार्ल्स अमिनीले सर्वाधिक ७७ रन बनाए। त्यस्तै क्याप्टेन असद भालाले ६० रन बनाए ।

नेपालका लागि भने १ सय ७ बलमा रोहितले कीर्तिमानी १ सय २६ रन बनाए। जुन ओडी(आईमा नेपालका लागि सर्वा(धक रनको आँकडा हो। उनले पारस खड्काको १ सय १५ रनको रेकर्ड तोडे। ८ विकेट गुमाएको नेपालले पूरा ओभरमा मात्र २ सय ८६ रन बन(ायो। हार बाबजुद नेपालको यो ऐतिहासिक रन रेकर्ड हो।

अन्तिमातिर बलर सोमपाल कामी र कमलसिंह ऐरीको काँधमा खेल जिताउने जिम्मा भए पनि पीएनजीको विशाल लक्ष्य नेपालले भेट्टाउन सकेन। यसअघि नेपालका ओपनर कुशल भुर्तेल र आरिफ शेखले क्रमश २८ र ६४ रन बनाए। नेपालका देव खनालले १ रन पनि बनाएनन्। दीपेन्द्र सिंह ऐरी र भीम सार्कीले क्रमशः १७ र १८ रन बनाए।

गाउँपालिका उपाध्यक्ष लोसपाबाट निष्काशित

खबर दर्पण, समाचारदाता

चैत्र ११ गते, महोत्तरी

जनकपुरधाम। महोत्तरीको एकडारा गाउँपालिकाकी उपाध्यक्ष महजबी खातुनलाई पार्टीबाट निष्काशित गरिएको छ।

महोत्तरी जिल्ला कार्यसमितिले बिहीबार विज्ञप्ति जारी गर्दै उपाध्यक्ष खातुनलाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको जनाएको छ।

पार्टीको निर्देशनविपरीतका क्रियाकलापमा खातुन सहभागी भएकाले उनलाई कारबाही गरिएको लोसपा महोत्तरीका अध्यक्ष रामबाबु साहले बताए ।

जिल्ला अनुशासन समितिको सिफारिसमा कार्यसमितिले उपाध्यक्ष खातुनलाई पार्टीबाट निष्कासन गरिएको अध्यक्ष साहको भनाइ छ । जसपा फुटेर लोसपा बनेपछि उपाध्यक्ष खातुनले लोसपा रोजेकी थिइन्। उनी पुनः जसपामै फर्कने तयारी गरेको स्रोतले जनाएको छ।

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्रार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास गा.वि.स.	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
एकिकृत सेवा केन्द्र बर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

प्रदेश सरकारविरुद्ध खनिए सत्तारुढ सांसद

खबर दर्पण, समाचारदाता

चैत्र ११ गते, महेन्द्रनगर

मधेस प्रदेशका सांसदहरु प्रदेश सभा बैठकमा सर कारविरुद्ध खनिएका छन् । सतापक्षकै सांसदले सरकारको तीव्र आलोचना गरेका छन् । सरकारको विकास गतिविधि सुस्त भएको, मन्त्रीहरूले प्रदेश सभाको मर्यादा उल्लंघन गरेको भन्दै सरकारविरुद्ध खनिएका छन् ।

प्रदेश सरकारले किसानको समस्या समाधान गर्न नसके को, मल र सिंचाइको व्यवस्था गर्न नसकेको, प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम अगाडि बढाउन नसकेको सांसदहरुले आरोप लगाएका छन् ।

शुक्रबार प्रदेश सभा बैठकमा विशेष समय लिएर बोल्दै नेकपा (एस)की प्रदेश सांसद मञ्जु यादवले संसदीय दलका नेताले नै मन्त्री भएपछि संसदीय व्यवस्थाको उल्लंघन गरेको भन्दै आक्रोश पोखेकी थिइन् ।

'दलका नेताहरू जब मन्त्रीको जागिर प्राप्त गर्छन् तब संसदीय व्यवस्थाको मर्यादा उल्लंघन गर्दै आएका छन्,' सांसद यादवले भनिन्, 'दलका नेता मन्त्रीको जागिरमा व्यस्त भएपछि संसदीय दलको के काम ? प्रदेश सभाको के काम ? कामै नभएपछि प्रदेश सभा विघटन गरिदिँदा हुन्छ ।'

नेकपा (एस)का नेता शत्रुधन महतोलगायत अन्य दलका नेताहरूले पनि संसदीय मर्यादाविपरीत काम गरेको उनले आरोप छ ।संसद्को बैठकमा सरकारका प्रतिनिधि (क्याबिनेट मन्त्री) अनिवार्य

उपस्थित भएर सांसदले उठाएका प्रश्नको जवाफ दिनु पर्ने व्यवस्था भए पनि प्रदेश सभा बैठकमा कुनै पनि मन्त्री सहभागी नहुनु संसदीय व्यवस्थाको खिल्ली उडाएको उनको भनाइ छ ।

शुक्रबार प्रदेशसभामा सरकारका तर्फबाट राज्यमन्त्री रुवी कर्ण मात्रै उपस्थित भएपछि सांसद यादव सर कारविरुद्ध खनिएकी हुन् । प्रदेशसभा बैठकमा मधेस प्रदेश सरकार सत्ताधारी ने पाली कांग्रेस संसदीय दलका सचेतक उपेन्द्र कुशवाहा सरकार र आफनै पार्टीका मन्त्रीविरुद्ध खनिए । मधेस सरकारले विकासको काम गर्न नसकेकोले सांसदमार्फत विकासको काम गर्नुपर्ने भन्दै प्रदेश सभा बैठक नै अवरुद्ध गर्ने चेतावनी दिए । 'सबै दलका सांसदहरु मिलेर प्रदेश सभा बैठक अवरुद्ध गरी सरकारलाई घुँडा टेकाउनु पर्छ,' उनले भने, 'सरकार नसच्चिएसम्म प्रदे शसभा बैठक बस्न दिनु हुँदैन ।' प्रदेशसभाबाट सरकारलाई पटक-पटक सचेत गराउँदा पनि मुख्यमन्त्री र मन्त्रीहरु निर्माणमा समस्या भएको सांसदलाई वास्ता नगरेको छ,' उनले भने । प्रदेशको कुशवाहाले आरोप लगाए ।

लोकतान्त्रिक समाजवादी पार्टीकी प्रदेश सांसद रानी शर्मा तिवारीले प्रदेश निर्वाचन क्षेत्रको काम व्यक्ति छानी छानी अगाडि बढाइने गरेको आरोप लगाएकी छिन् । सांसद तिवारी आफूहरुले असोजमै यो जना पेस गरे पनि काम सुरु हुन नसकेको उनको भनाइ छ । 'अब लाग्न थालेको छ कि हाउसमा हामी बोल्ने र सुन्ने मात्र हो कि कार्यान्वयन पनि गर्ने हो,' सांसद तिवारीले भनिन्, 'प्रदेशसभा सदस्यलाई निर्वाचन क्षेत्र विकासको बजेट उपलब्ध गराइन्छ । त्यसको कार्यान्वयन हुन सकेको छैन् । हामीले असोज मै यो जना बुझाइसकेका छौं । तर अहिलेसम्म इन्जिनियर पनि तय गरिएको छैन ।'

प्रदेश सांसद धनलाल ठोकरले प्रदेशका गरिब विपन्नको घर बनाउने योजना जनता अवास कार्यक्रम बजेट अभावमा अलपत्र परेको बताए । 'समयमा भुक्तानी नहुँदा विपन्नको घर ८ जिल्लाको वन डिभिजन कार्यालयमा करोडौंको सवारी र काठ लिलाम नहुँदा कुहिएर खेर जाने अवस्थामा रहेको उनको भनाइ छ ।

प्रदेश सांसदहरुले सरकार का मन्त्रीहरुमाथि प्रश्न उठाएपछि सभामुख सरो जकुमार यादवले सम्बन्धित मन्त्रीलाई प्रदेशसभाको अको बैठकमा उपस्थित भएर जवाफ दिन रुलिङ गरेका थिए । प्रदेशसभाको बैठक यसअघि सूचना निकालेर चार पटक स्थगित भएको थियो । शुक्रबार बैठकमा प्रदेश प्रहरी भर्नाको संकल्प प्रस्तावमाथि छलफलमा सांसदहरु सहभागी भएका थिए । छलफलमा सहभागी सत्ता पक्षका सांसदहरुले प्रदे शको शान्ति सुरक्षाका लागि प्रदेश प्रहरी आवश्यक रहेको र विपक्षी दलका सांसदहरुले प्रदेश प्रहरी भर्नाको संकल्प प्रस्तावको कुनै तुक नभएको बताएका थिए । प्रदेशसभाको बैठक आइतबारसम्मका लागि स्थगित भएको छ ।

धनुषामा स्वतन्त्रबाट निर्वाचित वडाध्यक्ष जसपामा प्रवेश

खबर दर्पण, समाचारदाता

चैत्र ११ गते, महेन्द्रनगर

धनुषाको मुखियापट्टी मुसरनिया गाउपालिका वाडा न ४ मा स्वतन्त्रबाट निर्वाचित वाडा अध्यक्ष उदय चनद्र झा जसपामा प्रवेश गतेका छन् ।

जनता समाजवादी पार्टी ने पालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले वाडा अध्यक्ष झा लाई अबिर माला लगाई पार्टीमा स्वागत गरेका छन्।

जनकपुरमा आज आयो जित कार्यक्रममा नवप्रवेसी झाले उत्पीडित र उपेक्षित समुदायको हकहितको संरक्षण जनता समाजवादी पार्टीबाट मात्र हुने देखेर आफू पार्टी प्रवेश गरेको बताए।

कार्यक्रममा जसपा कार्यकारी सदस्य एवम् संघीय कृषिमन्त्री महेन्द्र यादव, पुर्व कृषिमन्त्री हरिनारायण यादव, जसपा नेता जितेन्द्र यादव, जिल्ला सदस्य जयकुमार यादव, मुखियापट्टी मुसनिया गापा कमिटी अध्यक्ष अशोक यादव, सहितको ने ताहको उपस्थित रहेको थियो।

अपहरणमा परेकी बालिकाको...

शुक्रबार साँझ विदेह नगर पालिका ८ बफैयबाट बालिकाको उद्धार गरी घटनामा संलग्नको आरोपमा पाँच जनालाई प्रहरीले पक्राउ समेत गरेको छ। अपहरणमा संलग्न रहेको आरोपमा कमला नगरपालिका ८ का गंगाप्रसाद दासका छोरा अभिषेक दासले सहित पाँच जना पक्राउ परेको एसपी बस्नेतले बताए ।

एसपी बस्नेतले अपहरणकारीलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले ५ राउण्ड हवाई फायर गर्नुपरेको थियो । उनले भने, 'अपहरणकारी भाग्दै गरेको अवस्थामा नियन्त्रणमा लिन हवाई फायर गर्नुपरेको हो।'

बालिकाको खोजी गर्न धनुषा प्रहरी प्रमुख एसपी बसन्त र जौरेकै नेतृत्वमा टोली खटिएको थियो । 'हामी बालिकाको उद्धार गरिसकेका छौं, बालिका पूणर् रुपमा स्वस्थ्य छन्' उनले भने, 'प्रकृया पुऱ्याएर परिवारजनको जिम्मा लगाएका छौं ।'

बालिकाको बुवा जनकपुर पुलचोक स्थित डेरा गरी बस्दै आएका छन् । सोही घरमा डेरा गरि बस्दै गरेका अभिषेक दासले बालिका विद्यालयबाट आएपछि अपहरण गरी लगेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

बालिकाको अपहरण गरेर अपहरणकारीले रु १५ लाख फिरौती माग गरेको पाइएको बस्नेतले बताए ।

यस विषयमा अन्य अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

घर घरमा चर्पी निर्माण गरौं खुल्ला दिशा मुक्त अभियानमा सहभागी बनौं ।
अभ्नो आवासीर क्षेत्र वरिपरि सधैं सफा राखौंर सभ्य नागरिकको परिचय दिऔं ।
धनूषाधाम नगरपालिका कार्यालय ,धनूषा

घर घरमा चर्पी निर्माण गरौं खुल्ला दिशा मुक्त अभियानमा सहभागी बनौं ।
अभ्नो आवासीर क्षेत्र वरिपरि सधैं सफा राखौंर सभ्य नागरिकको परिचय दिऔं ।
नगराई नगरपालिका कार्यालय ,धनूषा

घर घरमा चर्पी निर्माण गरौं खुल्ला दिशा मुक्त अभियानमा सहभागी बनौं ।
अभ्नो आवासीर क्षेत्र वरिपरि सधैं सफा राखौंर सभ्य नागरिकको परिचय दिऔं ।
औरही गाउपालिका कार्यालय ,धनूषा

घर घरमा चर्पी निर्माण गरौं खुल्ला दिशा मुक्त अभियानमा सहभागी बनौं ।
अभ्नो आवासीर क्षेत्र वरिपरि सधैं सफा राखौंर सभ्य नागरिकको परिचय दिऔं ।
धनौजी गाउपालिका कार्यालय ,धनूषा

घर घरमा चर्पी निर्माण गरौं खुल्ला दिशा मुक्त अभियानमा सहभागी बनौं ।
अभ्नो आवासीर क्षेत्र वरिपरि सधैं सफा राखौंर सभ्य नागरिकको परिचय दिऔं ।
क्षिरेश्वरनाथ नगरपालिका कार्यालय ,धनूषा

घर घरमा चर्पी निर्माण गरौं खुल्ला दिशा मुक्त अभियानमा सहभागी बनौं ।
अभ्नो आवासीर क्षेत्र वरिपरि सधैं सफा राखौंर सभ्य नागरिकको परिचय दिऔं ।
गणेशमान चरणनाथ कार्यालय ,धनूषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) कम्प्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा